मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २३८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार ३० गते आइतबार (Sunday, 14 July 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## ह्वाट्सएप प्रयोग गरी पाँच लाख ठगी

**बिर्तामोड, असार २९।** जिल्ला प्रहरी कार्यालय तनहूँले अनलाइनमार्फत् ठगी गर्ने एक महिलालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा मकवानपुरको हेटौँडा उपमहानगरपालिका-५ पिप्ले बस्ने २२ वर्षीया आस्था थापा रहेकी छन्।

थापाले तनहूँको व्यास नगरपालिका-१ बस्ने सिर्जना खड्कालाई सामाजिक सञ्जाल ह्वाट्सएपको प्रयोग गरी म्यासेजमार्फत विदेशबाट मोबाइललगायत सामान एयरपोर्टमा आएको छ भनी झुक्याएर रु. पाँच लाख

*(बाँकी अन्तिम पृष्ठमा)*

## मेची अस्पतालको सेवा सुविधायुक्त भवनबाट

**भद्रपुर, असार २९।** झापास्थित मेची प्रादेशिक अस्पतालको नवनिर्मित भवन दोस्रोपटक हस्तान्तरण गरिएको छ।

भवन हस्तान्तरण भएसँगै अब बिरामीले सुविधायुक्त नयाँ भवनबाट सेवा पाउने बाटो खुलेको छ। सघन शहरी तथा भवन निर्माण आयोजना झापाका प्रमुख सुदीप पौडेलले प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. रामबाबु खडकालाई नवनिर्मित भवन हस्तान्तरण गरेका हुन्।

अस्पताल परिसरमा शनिबार निर्माण व्यवसायीसँग भएको ९ बुँदे शर्तनामा पश्चात् भवन हस्तान्तरण भएको आयोजना प्रमुख पौडेलले बताए। सो शर्तनामा जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वनाथ बराल, उपप्रमुख शान्ता रोक्का, भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेल, नेपाल रेडक्रस सोसाइटीका झापा सभापति लोकराज ढकाल, भद्रपुर -८ नम्बर वडा अध्यक्ष गौरव सुब्बा मनोज, निर्माण व्यवसायी कुशल शर्मा, प्रेम खनाल लगायतले हस्ताक्षर गरेका छन्।

यसअघि सघन शहरी तथा भवन निर्माण आयोजनाका तत्कालीन प्रमुख रूपक आचार्यले सो भवन अस्पतालका तत्कालीन मेडिकल सुपरिटेन्डेन्ट डा. जयकुमार ठाकुरलाई २०८१ जेठ २२ गते हस्तान्तरण गरेका थिए। हस्तान्तरण भएको भद्रपुर -८ स्थित नवनिर्मित भवन उद्घाटन नहुँदै छतबाट पानी रसाउन थालेपछि त्यसको चौतर्फी विरोध भएको थियो। रंगरोगन गरी बाहिरबाट चिटिक्क



बनाइएको अस्पतालको भवनभित्र छतको पानी रसाएर चुहिन थालिएको, ठाउँ-ठाउँमा वाल चर्किएको, अल्मुनियका झ्याल ढोका कमसल लगाएको, पानीका पाइप र विद्युतीय जडानमा समेत लापरबाही भएको भन्दै स्थानीयसहित राजनीति दलका प्रतिनिधिहरू समेत त्यसको प्रतिकारमा उत्रिएपछि हस्तान्तरण प्रक्रियाबाट सबैपछि हटेका थिए।

त्यसपछि उनीहरूले भवनको गुणस्तरमाथि प्रश्न उठाउँदै सम्बन्धित निकायमा ज्ञापनपत्र समेत बुझाएका थिए। चौतर्फी विरोध पश्चात् भवन निर्माण आयोजनाले निर्माण कम्पनीलाई बोलाएर पुनः त्रुटीपूर्ण कामहरू गर्न लगाएका थिए।

श्री कन्टेक प्रालि काठमाडौंले २०७४ साल कार्तिक ३० गते भवन निर्माणको ठेक्का लिएको थियो। निर्माण कम्पनीले सो भवन २०७९ साल भाद्र २५ गते सम्पन्न गरेको थियो। ५० शैय्याको अस्पताल बनाउन निर्माण कम्पनीले २२ करोड ६१ लाख ३७ हजार ३५२ रुपैयाँमा ठेक्का लिएको थियो। अस्पतालको नयाँ भवनमा ६ वटा ब्लक बनाइएको छ। भवनमा देखिएका त्रुटीपूर्ण कामहरू निर्माण कम्पनीले पुनः मर्मत सम्भार गरी बनाइसकेको बताउँदै आयोजना प्रमुख पौडेलले भने - भवन हस्तान्तरण भए पनि एक वर्षभित्र पुनः भवनमा कुनै पनि समस्या देखिए त्यसलाई सच्याएर अघि बढ्ने गरी सर्तनामा गरिएको छ।

भवन निर्माण भएको झण्डै २० महिनापछि हस्तान्तरण भएको उनको भनाइ छ। नवनिर्मित अस्पताल भवनको माथिल्लो तला थप्नका लागि सरकारले दुई करोड बढी बजेट छुट्टाइसकेको छ। आगामी आर्थिक वर्षमा भवनको ठेक्का प्रक्रिया शुरु भई काम अघि बढाइने आयोजना प्रमुख पौडेलले बताए।

यता अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. खडकाले ढिलै भए पनि अब नयाँ भवनबाट सेवा प्रदान गर्ने बाटो खुलेको बताए। अहिले प्रदान गरिँदै आइरहेको सेवाहरू एकै चोटी नयाँ भवनमा सार्ने अवस्था छैन।

भवन अपुग भएकोले बिस्तारै सेवाहरू सार्दै लैजाने बताउँदै मेडिकल सुपरिटेण्डेन्ट डा. खड्काले भने -अब छिट्टै ओपिडी सेवा नयाँ भवनबाट शुरु गर्ने योजना बनाएका छौं। भवन बनेर मात्र भएन, स्वास्थ्य सामग्री र उपकरणहरू पनि अब आवश्यक पर्छ - उनले भने, -केही सामग्री खरिद गरेपनि त्यो अपुग छ, त्यसका लागि आवश्यक बजेट चाहिन्छ।

## विर्तासिटीमा हिपको जोर्नीको प्रत्यारोपण



**बिर्तामोड, असार २९ ।** झापाको बिर्तामोड रहेको विर्तासिटी अस्पतालमा एकजना पुरुषको हिप फेर्ने शल्यक्रिया (हिपको प्रतिस्थापन) गरिएको छ। यो शल्यक्रिया चिकित्सा क्षेत्रमा दुर्लभ मानिन्छ।

हाडजोर्नी शल्यक्रियमध्ये सबैभन्दा जटिल मानिने हिप ट्रान्सप्लान्ट सफलतापूर्वक सम्पन्न गरिएको शल्यक्रियामा संलग्न डक्टर रुपेशजंग बेल्वासेले जानकारी दिए।

झापा गौरादह -४ स्कूलचौनका ६१ वर्षीय यमनाथ संगौलाको हिपको जोर्नीको प्रतिस्थापन गरिएको हो। करिब ३ घण्टा लामो शल्यक्रियापश्चात संग्रौलाको खिइएको हिप फेरिएको हो। वंशाणुगत समस्याका कारण संग्रौलाको हड्डी खिइँदै गएको र अत्यधिक दुखाइका कारण हिँडडुलमा कठिन हुँदै आएको थियो। उनी पेनकिलर खाँदै आएका थिए।

दक्ष चिकित्सकको टिम तथा आधुनिक प्रविधिबाट उनको शल्यक्रिया गरिएको अस्पतालले जनाएको छ। विर्तासिटीमै यस्तो शल्यक्रिया हुन थालेपछि बिरामीले अन्यत्र जानुपर्ने बाध्यता हटेको डा. बेल्वासेले बताए।

संगौलाको शल्यक्रियामा डा. बेल्वासेसँगै डा. कुमुदकुमार लिम्बू, डा. प्रतिक चौधरी लगायत संलग्न रहेका थिए।

हाड जोर्नी प्रत्यारोपण तथा दूरबिन प्रविधिबाट नशा रोगको उपचार गर्ने नेपाल मेडिकल काउन्सिबाट मान्यता प्राप्त नेपालकै पहिलो विशेषज्ञ डाक्टर हुन् बेलवासे। नेपाल मेडिकल कलेज काठमाडौँबाट सन् २०१३ मा एमबीबीएस गरेका डा. बेल्वासेले सन् २०१८ मा बनारस हिन्दू विश्व विद्यालयबाट एमएस गरेका थिए।

उनले हाड जोर्नी प्रत्यारोपण तथा दूरबिन प्रविधिबाट नशा रोगको फेलोसिप अस्ट्रियाबाट गरेका हुन्। भारतको अपोलो अस्पताल नयाँ दिल्लीमा समेत काम गरेको उनमा अनुभव छ।

बिर्तामोडस्थित पूर्णटुङ्ग बिर्तासिटी अस्पतालमा विगत साढे चार वर्षदेखि कार्यरत ड. बेल्वासेले एओ ट्रमा फेलोसिप (स्विजरल्यान्ड) बाट छात्रवृत्ति प्राप्त गरेका थिए।

युरोपबाट पाएको एओ ट्रमा फेलोसिप लिएका ड. बेल्वासेले जटिल रोगको समेत सरल तरिकाबाट उपचार गर्दै आएका छन्। बिर्तासिटी अस्पतालमा कार्यरत डा. बेल्वासेले यसअघि पनि छिनेका हात जोडेका थिए। बिरामीको छिनेको हात शल्यक्रियाका माध्यमबाट जोडेर सफल उपचार गरेसँगै ड. बेल्वासेको चर्चा पूर्वमा चुलिएको थियो।

## एक्सेल बैंकको १८ औं सभा



**बिर्तामोड, असार २३।** एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको अठारौं वार्षिक साधारण सभा सम्पन्न भएको छ। सभाले

बैंकको २०७९/०८० को वार्षिक प्रतिवेदन तथा वित्तीय विवरणहरु पारित गर्ने, लेखापरीक्षकको नियुक्ति लगायतका प्रस्तावहरु पारित गरेको छ।

बैंकका सञ्चालक समितिका अध्यक्ष महेन्द्रकुमार गोयलको अध्यक्षतामा भएको सभाको उद्घाटन नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय उपाध्यक्ष हेमराज ढकालले गरेका थिए। कार्यक्रममा बैंकको हालसम्म लगानीमा रहिरहेको कर्जा ११ अर्व ४१ करोड रहेको र निक्षेप संकलन १४ अर्व ७१ करोडको हाराहारीमा रहेको बताइएको छ।

बैंकका सञ्चालक राजन शर्माले स्वागत गरेको कार्यक्रममा धन्यवाद सञ्चालक पर्शुराम दाहालले ज्ञापन गरेका थिए।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत डा. इन्द्रकुमार कट्टेलले बैंकका वर्तमान गतिविधिहरुको बारेमा प्रकाश पारेका थिए। कार्यक्रममा संस्थापक शेयरधनी डा. रुपकप्रसाद खनाल र सुरेश कुमार अग्रवाल लगाायतले शुभकामना मन्तव्य राखेका थिए।

प्रादेशिक बैंकको रुपमा झापाको बिर्तामोडमा केन्द्रीय कार्यालय रहेको बैंकको कार्यक्षेत्र कोशी प्रदेश रहेकोमा झापा, इलाम, मोरङ, पाँचथर, सुनसरी र उदयपुरका विभिन्न ४५ स्थानमा अवस्थित आफ्ना कार्यालयहरु मार्फत ग्राहकहक समक्ष बैंकिङ सेवा प्रदान गरिरहेको कार्यक्रममा जानकारी दिइयो।

त्यस्तै संखुवासभाको खाँदवारी र धनकुटाको धनकुटा बजारमा शाखा सञ्चालनका लागि साजसजावटको कार्य भइरहेको र आगामी दिनमा कोशी प्रदेशका अन्य जिल्लाहरुमा समेत शाखा विस्तार गर्दै लैजाने नीति बैंकले लिएको जनाइएको छ। कार्यक्रम सञ्चालन कम्पनी सचिव श्यामबहादुर बोहोराले गरेका थिए।

## रामायण श्लोक वाचन प्रतियोगित

### सप्तऋषि गुरुकुल प्रथम



**अर्जुनधारा,असार २९।** आदिकवि भानुभक्त आचार्यको २११औं जन्मजयन्तीको सन्दर्भमा झापाको अर्जुनधारामा शनिबार सम्पन्न भएको झापा जिल्ला अन्तर गुरुकुलस्तरीय भानुभक्तीय रामायण श्लोक वाचन प्रतियोगितामा सप्तऋषि गुरुकुल अर्जुनधाराका कुशल घिमिरे प्रथम भएका छन्।

अर्जुनधारा -७ स्थित अर्जुनधारा संस्कृत वेद विद्यापीठ र अर्जुनधारा-१ साधुटारस्थित शंकराचार्यपीठ पूर्व विद्यार्थी मञ्चद्वारा संयुक्तरुपमा अर्जुनधारा जलेश्वरधामको हलमा आयोजित प्रतियोगितामा गौरीशंकर गुरुकुल हल्दीबारीका साहित रिजाल द्वितीय, महेश्वर-सुरेश्वर गुरुकुल मेचीनगरका देवराज भण्डारी तृतीय र माधव संस्कृत गुरुकुल मेचीनगरका ईश्वर भट्टराई सान्तवना भएका छन्।


जिल्लामा रहेका २७ वटा मध्ये १६ वटा गुरुकुलको सहभागिता रहेको प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र

*(बाँकी अन्तिम पृष्ठमा)*

## ट्याटू : छालादेखि किड्नीसम्म संक्रमण जोखिम

साथीको लहलहैमा लागेर १९ वर्षीय किशोर सन्तोषले पाखुरामा ट्याटू खोपाए। त्यसबेला उनी कक्षा १२ मा पढ्दै थिए। उनको निकट लक्ष्य वैदेशिक अध्ययन र रोजगारी थियो। प्लस टू (१२ कक्षा) पास गरेपछि उनले विद्यार्थी भिसामा जापान जाने प्रक्रिया अघि बढाए। सबै काम सकियो। ट्याटू खोपेको मानिसलाई विदेश जान खोज्दा समस्या हुन्छ भन्ने उनलाई थाहा थिएन। उनले ट्याटू मेटाउने प्रयास त गरे, तर जाने समयसम्म नमेटिने अवस्था आयो। जसकारण उनले अवसर नै गुमाए। जापान जाने सबै प्रक्रिया पूरा गरेका सन्तोष शरीरमा ट्याटू खोपेकै कारण उड्न पाएनन्।

सन्तोष जस्तै धेरै युवाहरूको अहिले समस्या बनेको छ- ट्याटू ! अर्काको देखासिकी गर्दै होस् वा आफ्नै रुचिमा ट्याटू खोपाउने युवापुस्ताको संख्या बढ्दो छ। ट्याटू मन पर्दा र आकर्षक लागञ्जेल त ठीकै हो, तर कहिलेकाहीँ आफूले भनेको जस्तो भएन, कुनै पेशामा आवद्ध हुन खोज्दा अवसर नपाउने अवस्था आएमा भने त्यही ट्याटू ठूलो समस्या बन्ने गरेको जानकारहरू बताउँछन्।



उसो त शरीरका विभिन्न अङ्गमा खोपेर ट्याटू बनाउने चलन नेपालमा पहिलेदेखि नै थियो। विशेषगरी नेवार र थारू लगायत समुदायमा ट्याटू बनाउने परम्परा नै छ। तर पछिल्लो समय ट्याटू फेशनका रूपमा बढ्दो छ। अझ अहिलेका युवापिंढीमा त ट्याटूको एउटा क्रेज नै छ। आफ्ना प्रेमी-प्रेमिका, क्लब र सेलीब्रेटीहरूका नाममा ट्याटू खोप्ने चलन बढ्दो छ।

तर ट्याटू लहडमा खोप्नु नहुने विज्ञहरू बताउँछन्रु। उनीहरूका अनुसार ट्याटू खोप्दा शरीरमा त असर पर्छ नै, ट्याटूकै कारण जीवनमै ठूलो असर पर्छ।

किशोरावयमा प्रायः प्रेमी वा प्रेमिकाको ट्याटू खोप्न आनन्द लाग्छ। आफ्नो अथाह प्रेम दर्शाउन र आफूप्रति बढी आकर्षित गर्न उनीहरूले पार्टनरको नाम वा तस्बीरको ट्याटू खोप्ने गर्छन्। आफ्ना साथीहरूमाझ फरक देखिन पनि उनीहरू यो काम गरिरहेका हुन्छन्। तर उनीहरू सोच्न सक्दैनन् कि टीनएजमा गरिएको प्रेम सफल हुने सम्भावना निकै कम हुन सक्छ। भविष्यमा एक अर्काबीच विवाह नै हुन्छ भन्ने ग्यारेन्टी हुँदैन।

जब उनीहरूबीच ब्रेकअप हुन्छ र दोस्रो व्यक्तिसँग सम्बन्ध शुरु गर्नुपर्ने हुन्छ- त्यसपछि पूर्व प्रेमी-प्रेमिकाको नाममा खोपिएको ट्याटूले पीडा निम्त्याउँछ। पुरानो ट्याटूकै कारण वैवाहिक जीवनमा दरार उत्पन्न भएर कतिपय युवायुवतीहरू डिप्रेशनको अवस्थासम्म पुग्ने गरेको पनि पाइएको छ।

**ट्याटूले पार्ने असर**

छाला रोग तथा लेजर विशेषज्ञ

*(बाँकी अन्तिम पृष्ठमा)*



# परिवार नियोजन संघ झापाको ४६ औं सभा



**भद्रपुर, असार २९ ।** नेपाल परिवार नियोजन संघ झापाको ४६ औं शाखा सभा शनिवार सम्पन्न भएको छ ।

जिल्ला समन्वय समितिको सभाहलमा सम्पन्न कार्यक्रम संघका अध्यक्ष लोकराज भट्टराई 'बुइपाली'को अध्यक्षतामा सम्पन्न भएको हो । प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर राना मगरको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा समाजवादी पाटीका जिल्ला अध्यक्ष वेदराज रेग्मी, जिल्ला समन्वय समिति प्रमुख विश्वनाथ वराल, उपप्रमुख शान्ता रोक्का, विर्तामोड नगरपालिका नगर प्रमुख पवित्रा महतारा प्रसाइ, पूर्व सांसद रवीन कोइराला लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

संघले सञ्चालन गरेको क्लिनिकहरु मध्ये बनियानीमा सञ्चालित क्लिनिक उत्कृष्ठ भएकोले सञ्चालक वसन्त वानियालाई सम्मान समेत गरिएको थियो ।

कोषाध्यक्ष पार्वती ओझाले आर्थिक प्रतिवेदन, रामप्रसाद दवाडीले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रमको सञ्चालन चन्द्रमाया श्रेष्ठले गरेकी थिइन् । ।

# फिक्कल अस्पतालमा अत्याधुनिक ल्याब मेसिन

**इलाम, असार २९।** फिक्कल अस्पतालमा बायो केमेस्ट्रीको पूर्ण स्वचालित 'एनालाइजर मेसिन' जडान गरिएको छ ।

सूर्योदय नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मेसिन खरिद गरी अस्पतालमा जडान गरिएको हो ।

नगरले नागरिकको स्वास्थ्यलाई दृष्टिगत गर्दै अत्यन्तै छिटो परीक्षण रिपोर्ट दिने गरी बायोकेमेस्ट्रीको पूर्ण स्वचालित एनालाइजर मेसिन जडान गरेको जनाइएको छ । सो मेसिन हस्तान्तरण कार्यक्रममा नगरप्रमुख रणबहादुर राई, नगर उपप्रमुख दुर्गाकुमार बराल, प्रमुख प्रशासकीय मिलन भट्टराईलगायतको उपस्थिति थियो ।

मेसिन नेपालमै पहिलोपटक फिक्कल अस्पतालमा जडान गरिएको सूर्योदय नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख विपुल अधिकारीले जानकारी दिए ।। मेसिन जडान भएपछि जुनसुकै ल्याबको रिपोर्ट मेसिन चालू भएको १५ मिनेटमा र त्यसपछिको रिपोर्ट प्रत्येक १५/१५ सेकेन्डमा प्राप्त गर्न सकिने शाखा प्रमुख अधिकारीले जानकारी दिए ।

जापानी कम्पनीको 'बायोलिस ३० आई फुलअटोमेटिक बायोकेमिकल एनालाइजर मेसिन' को मूल्य बजारमा ४५ लाख भारु छ । मेसिनबाट आएएफटी, एलएफटी लिपिट प्रोफाइललगायत २३० प्रकारको



परीक्षण गर्न सकिने जनाइएको छ । मेसिनले एक दिनमा एक हजार पाँच सय जनाको परीक्षण गरी तत्काल रिपोर्ट दिन सक्ने दाबी गरिएको छ ।

शाखा प्रमुख अधिकारीले दुई/तीन घण्टा पर्खेर लिनुपर्ने रिपोर्ट अब बढीमा २० मिनेटमा पाइने भएपछि सेवाग्राहीलाई सहज हुने बताए । उनले भने - यो मेसिन स्वचालित भएकाले रिपोर्टमा कुनै तलमाथि हुँदैन । यहाँको रिपोर्ट जहाँ गए पनि मान्य हुन्छ । नगरप्रमुख रणबहादुर राईले नगरवासीले अन्यत्र गएर महँगो खर्च तिरेर उपचार गर्नु नपरोस् भनेर नगरले नयाँ प्रविधिको मेसिन जडान गरेको जानकारी बताए ।

सूर्योदय नगरपालिकाले फिक्कल प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालमा रूपान्तरण गरेपछि अहिले दैनिक दुई सयदेखि तीन सय ५० जनासम्म बिरामी स्वास्थ्य सेवा लिन आउने गरेको अस्पतालका प्रशासन प्रमुख जनस्वास्थ्य निरीक्षक फाजुङ भोटेले जानकारी दिए ।

अस्पतालमा हाल २४ घण्टे आकस्मिक सेवा, ल्याब सेवा, प्रसूति सेवा, एम्बुलेन्स सेवालगायत विभिन्न सेवा सञ्चालन हुँदै आएको छ । १५ श-याको नगर अस्पताल हाल निर्माण भइरहेको छ । नगरका इञ्जिनियर आशिष सुवेदीका अनुसार २०८१ माघ २० गतेभित्रमा सम्पन्न हुने गरी १२ करोड ५५ लाख रुपियाँमा ठेक्का लागेको भवनको ६५ प्रतिशत काम सम्पन्न भएको छ ।

# उत्कृष्ट अंक ल्याउने सन्थाल विद्यार्थीलाई निदिले नि:शुल्क पढाउँदै

**बिर्तामोड, असार २९।** २०८० सालको माध्यमिक शिक्षा परीक्षा (एसइई) मा झापाको बाह्रदशी गाउँपालिकामा रहेको गौरीशंकर माविबाट उत्कृष्ट नतिजा ल्याउने टेकनाथ सोरेनले नि:शुल्क पढ्न पाउने भएका छन् । कक्षा ११ र १२ सम्मको अध्ययनमा बिर्तामोडमा रहेको निदि सेकेण्डरी स्कूल/ इन्द्रेणी क्याम्पसले नि:शुल्क अध्ययन गराउने भएको हो ।

सोरेनले सन्थाल समुदायबाट एसइईमा हालसम्मकै उत्कृष्ट नतिजा ल्याएका हुन् । उनलाई निदि सेकेण्डरी स्कूलमा भर्ना गरिएको छ । विद्यालयका प्रिन्सिपल रञ्जीत शाहका अनुसार सोरेनलाई कक्षा ११ र १२ सम्मको अध्ययनमा विद्यालयले कुनै पनि शीर्षकमा शुल्क लिनेछैन ।

विज्ञान संकायमा शुक्रबार भर्ना भएका सोरेनलाई त्योभन्दा माथिल्लो तहको अध्ययनमा समेत विद्यालयले सहयोग गर्ने शाहले जानकारी दिए ।

सोरेनको पढाइप्रतिको लगनशीलता तथा पारिवारिक आर्थिक अभावलाई ध्यान दिँदै उनको अध्ययनको व्यवस्था गरिएको प्रिन्सिपल शाहले बताए ।




२०६४ साउन ३० गते जन्मिएका सोरेनले एसइइमा ३.८२ जिपिए अंक ल्याएका छन् । सोरेनले प्राप्त गरेको अंक प्रतिशतमा बदल्दा ९५.५ प्रतिशत हुन्छ । अनुशाशित, मेहनती र नियमित विद्यालय आउने विद्यार्थी बाह्रदशी-६ डाँगीबारीका सोरेनका बुवा राजिन्दर र आमा उषा सामान्य खेती र अर्काको दैनिक ज्यालादारीमा काम गर्दै आएका छन् ।

यसैबीच, सन्थाल समुदायबाट छात्रातर्फ एसइई इतिहासकै उच्च अंक गौरीगञ्जकी पार्वती हस्दालाईसमेत निदिले नि:शुल्क पढाउने बताइएको छ । निदिले अघिल्ला वर्षहरुमा समेत विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई समेत छात्रवृत्तिस्वरुप नि:शुल्क अध्यापन गराउँदै आएको थियो । खजुरगाछी माविकी हस्दाले यस वर्षको एसइईमा ३.५१ जिपिए ल्याएकी छन् । उनी २०८० को एसइईमा गौरीगञ्जको सामुदायिक विद्यालयतर्फ सबैभन्दा उत्कृष्ट अंक ल्याउने विद्यार्थी हस्दा नै हुन् ।

# प्रहरी जवानको परीक्षामा ६ जना पक्राउ

**झापा, असार २९ ।** अर्काको नाममा परीक्षा दिने ६ जना नक्कली परीक्षार्थी पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा रित शाहीको नाममा परीक्षा दिने अभिषेक शाही, हिक्मतबहादुर थापाको नाममा परीक्षा दिने इशाक तामाङ, शार्ह लामा दिने सुन्दास, रोशन खत्रीको नाममा परीक्षा दिने पारस बुढा, सविन महराको नाममा परीक्षा दिने रवीन्द्र महरा र प्रदीप बस्यालको नाममा परीक्षा दिने दिनेश चन्द रहेका छन् ।

प्रहरी जवान पदमा अर्कैको नाममा परीक्षा दिइरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको प्रहरीले जनाएको ।

शनिबार भएको प्रहरी जवान पदको लिखित परीक्षामा ६ जना परीक्षार्थीको नाममा अर्कै व्यक्तिले परीक्षा दिइरहेको पाइएको जिल्ला प्रहरी र काठमाडौंले प्रहरीले जानकारी दिएको छ ।

उनीहरुमध्ये ३ जना प्रहरी वृत्त बानेश्वर, २ जना प्रहरी वृत्त गौशाला र एक जनालाई प्रहरी बृत्त सिंहदरबार मा राखेर अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# नेपाल प्रहरीमाथि नै साइबर आक्रमण

***झापा, असार २९।*** *नेपाल प्रहरी अन्तर्गत रहने प्रहरी चारित्रिक प्रमाणपत्रको वेबसाइटमाथि साइबर आक्रमण गरेको बंगलादेशी ह्याकरले दाबी गरेको छ । एक टेलिग्राम च्यानलमा उक्त वेबसाइटबाट लिएको डेटाको केही नमूना राख्दै ह्याकरहरूले यस्तो दाबी गरेका हुन् ।*

*टेलिग्राम च्यानलमा लिक स्क्रिनशटमा अनलाइन प्रहरी चारित्रिक प्रमाणपत्र लिन वेबसाइटमा अकाउण्ट खोलेका व्यक्तिको लगइन र प्रहरीले उपलब्ध गराएको प्रमाणपत्रका विवरण देख्न सकिन्छ ।*

*ह्याकरले कति जनाको के-कस्ता डेटा लिए भनेर खुलाएका छैनन् । तर अनलाइन प्रहरी चारित्रिक प्रमाणपत्र दर्ता प्रणालीको वेबसाइट भने अहिले चलिरहेको छ । साइबर सुरक्षा क्षेत्रका एक जानकारले नेपाली ह्याकरसँग बदला लिन बङ्गलादेशी ह्याकरले नेपाल प्रहरीलाई निशानामा पारेको बताएका छन् ।*

*उनका अनुसार केही दिनअघि 'एनोनिमस नेपाल' नामको नेपाली ह्याकर समूहले बङ्गलादेशी प्रहरीको वेबसाइटको विभिन्न सबडोमेनमाथि आक्रमण गरेको थियो । त्यसैको प्रतिशोध साध्न बङ्गलादेशी ह्याकरले प्रहरी चारित्रिक प्रमाणपत्र लिने नेपाल प्रहरीको वेबसाइटमा आक्रमण गरेको उनको भनाइ छ । यसबारे भने नेपाल प्रहरीले केही प्रतिक्रिया दिएको छैन ।*

*पछिल्लो समय बदलाको भावनाबाट शुरु भएको साइबर आक्रमणको स्वरूप दिनानुदिन भयानक हुँदै गइरहेको छ । यसअघि पनि सोही समूहले लोक सेवा आयोग, राष्ट्रिय तथ्याङ्क कार्यालय लगायत डट जीओभी डट एनपी डोमेन भएका सरकारी वेबसाइटमाथि साइबर आक्रमण गरेको थियो ।*

# मृगौला पीडितलाई माओवादी नेता आङ्बोको सहयोग

**बिर्तामोड, असार २९।** लामो समयदेखि मृगौला रोगबाट पीडित सागर लिम्बू ( सक्कल)लाई नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा कोशीका संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो (मौसम)ले सहयोग रकम हस्तान्तरण गरेका छन् ।

सिदिङ्वा गाउँपालिका वडा नम्बर -४ ताप्लेजुङ निवासी लिम्बूलाई शनिबार रकम हस्तान्तरण गरिएको हो । नेकपा माओवादी केन्द्रको जनवर्गीय संगठन नेपाली जनप्रगतिशिल मञ्च जापानले पठाएको सहयोग रकम आङ्बोले बिर्तामोडस्थित पार्टी कार्यालयमा हस्तान्तरण गरेका हुन् । लिम्बूलाई एक लाख ३४ हजार पाँच सय रुपैँया हस्तान्तरण गरिएको थियो ।

सरिना किराँती राईको समन्वय र प्रवास संगठनका केन्द्रीय सदस्य पुष्प आङ्देम्बेको अगुवाईमा एक लाख २९ हजार पाँच सय रुपैँया संकलन गरी आङ्बोमार्फत पठाएका थिए । लिम्बूलाई यस अघि नै नेकपा माओवादी केन्द्र बिर्तामोड नगर कमिटिले २० हजार रुपैँया सहयोग गरेको सचिव गणेश कालिकोटेले जानकारी दिए । लिम्बूले लामो समय जनमुक्ति सेनामा काम गरेका थिए ।

हप्तामा तीन पटक ओमसाई पाथीभरा हस्पिटल भद्रपुरमा डाइलाइसिस गराई रहेको लिम्बूले बताए । उक्त रकम आफ्नो लागि ठूलो सहयोग भएको भन्दै लिम्बूले सहयोग गर्ने व्यक्तिहरुलाई धन्यवाद दिए ।

मासिक १५ हजारमाथि खर्च हुने गरेको बताउँदै लिम्बूले अन्य महानुभावहरुलाई सहयोगका लागि अपिल गर्दै आफ्ना लागि सहयोग गर्ने दाताहरुलाई जीवनभर सम्झने समेत बताए । हाल उनी पुहाँतुबारीमा विष्णु लुईटेलले निशुल्क उपलब्ध गराएको घरमा बसेर उपचार गराइरहेका छन् ।

सहयोग हस्तान्तरण कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य हरिकुमार राना, प्रदेश सदस्य तथा झापा सह इञ्चार्ज सीपी कडरिया, कुवेर श्रेष्ठ, जिल्ला संयोजक राजु आचार्य (अग्नि) लगायत नेता कार्यकर्ताहरुको उपस्थिति रहको थियो ।

## ट्याटु ...

डाक्टर राजनबाबु तभ्या भन्छन् - ट्याटू खोप्ने प्रवृत्तिले छाला र स्वास्थ्यमा मात्रै होइन, जिन्दगीमै असर पारेको कतिपय उदाहरण मैले देखेको छु । तभ्या थप्छन्रु - कतिपय युवायुवतीहरूले अरूको देखासिकी या कोही प्रतिको क्षणिक आकर्षणका भरमा प्रेमी-प्रेमिकाको नाम आफ्नो ज्यानमा खोप्ने गर्छन् । त्यो प्रेम नभएर किशोरावस्थाको आकर्षण मात्रै हो । पछि गएर उसैसँग विवाह नहुन पनि सक्छ भन्ने कुरा उनीहरूले बुझेका हुँदैनन् । बिहे अर्कैसँग गर्नुपर्दा पहिलेको ट्याटू हटाउनुपर्ने हुन्छ ।

उनका अनुसार ट्याटू खोपेकाहरू दुबई, कतार मलेसिया र जापान लगायतका देशमा जान पाउँदैनन् । नेपालमै पनि सेना/ प्रहरी लगायत सरकारी जागिर खान पाइँदैन । त्यसैले यसले स्वास्थ्यमा भन्दा पनि मानिसको जीवनमा नै ठूलो असर पार्ने डा. तभ्या बताउँछन् । ट्याटू छालामा बनाइने रङहरूको कला हो । ट्याटू खोप्न सामान्यतयाः कलाकारले मेसिन प्रयोग गर्छन्, जसले सिलाइ मेसिन जस्तै काम गर्छ । यस क्रममा छालामा बारम्बार एक वा अधिक सुई प्रयोग गरिन्छ । ट्याटू खोपिने प्रक्रियाले सामान्य दुखाइ त गराउँछ नै ! यसले रक्तचापसमेत बढाउन सक्छ ।

ट्याटू बनाउँदा रगतका माध्यमबाट हेपाटाइटिस 'बी', सी र एचआइभी सर्न सक्छ । ट्याटू खोपेका कुनै व्यक्ति यी रोगबाट संक्रमित छन् भने ती व्यक्तिलाई खोप्न प्रयोग गरिएका सामग्री निर्मलीकरण नगरी स्वस्थ मानिसमा प्रयोग गर्दा रोग सर्ने जोखिम बढी हुन्छ ।

तसर्थ, ट्याटू खोप्न जाँदै हुनुहुन्छ भने सबै सामग्री निर्मलीकरण गरिएका छन् वा छैनन् भनेर राम्ररी विचार गर्नुपर्छ । सानो कुरामा ध्यान नदिँदा जिन्दगीभर पछुताउनुपर्ने अवस्था निम्तिन सक्ने डा. तभ्या बताउँछन् ।

**कुन अङ्गमा बनाउँदा कस्तो असर हुन्छ ?**

सबैको छालाको प्रकृति यौटै प्रकारको हुँदैन । कसैको छाला सामान्य खालको त कसैको एकदमै संवेदनशील खालको हुन्छ । ट्याटू बनाउने अङ्गभन्दा पनि मान्छेको छालामा भर पर्छ । सामान्य खालको छाला छ भने संवेदनशील अङ्गमा बनाउँदा पनि केही असर गरेको हुँदैन । कसैले अँखाको परेलासम्ममा बनाएको पनि देखिएको, कसैलाई चाहिँ एकदमै दुःख दिने, छालामा एलर्जी आउने, दुख्ने, झमझमाउने र घाउ हुने लगायतका समस्या देखिन सक्ने डा. तभ्याको भनाइ छ ।

**मेटाउन कति सहज ?**

ट्याटू मेटाउन असम्भव नै त होइन । सामान्य परम्परागत रूपमा घरमै बनाएको ट्याटू हो भने त एकै पटकमा जान्छ ।

तर, प्रोफेश्नल ट्याटू अर्टिस्टहरूले बनाएको ट्याटू हटाउन निकै गाह्रो हुन्छ । त्यसमा पनि कलरफुल ट्याटू; जस्तै कालो बाहेक अन्य कलरहरूको प्रयोग गरी बनाइएको ट्याटू हटाउन धेरै समय लाग्छ,- डा. तभ्याले भने ।

कालो र रातो कलरले बनाएको ट्याटू भने सजिलै जान्छ । इङ्कलाई पड्काएर शरीरबाटै वाकआउट हुनेगरी हटाउनुपर्ने भएकाले छिटो-छिटो ट्याटू हटाउने प्रोसेस गर्न मिल्दैन । त्यसैले हटाउन समय लाग्ने उनले जानकारी दिए ।

त्यस्तै मेटाउने मामिला ट्याटूको साइज कत्रो छ भन्नेमा पनि भर पर्छ । जस्तै ठूलो ट्याटू प्रोफेशनल आर्टिस्टबाट बनाइएको छ भने लेजरले इङ्कलाई पडकाउँदा कहिलेकाहीँ किड्नीमा पनि असर गर्न सक्छ । त्यस्तै ठूलो घाउ भएर दाग बस्ने, रगतमा इन्फेक्शन हुने सम्भावना पनि रहन्छ । अनुभवी डाक्टरकहाँ गएर मात्रै ट्याटू हटाउनुपर्छ । अचेल ट्याटू बनाउने आर्टिस्टले नै हटाउन थालेका छन् । उनीहरूले राम्रो मेसिन प्रयोग नगर्दा घाउ भएर दागै बस्ने सम्भावना धेरै हुन्छ ।

**ट्याटू खोप्दा ध्यान दिनुपर्ने कुरा**

सकेसम्म त ट्याटू नखोपेकै राम्रो ! खाप्नै मन लागे पनि आफ्नो स्वास्थ्य जाँच गर्न आवश्यक रहेको डा. तभ्या बताउँछन् ।

उनका अनुसार शारीरिक रूपमा अशक्त तथा सुगर, ब्लडप्रेसरजस्ता समस्या भएको अवस्थामा ट्याटू खोप्नु उचित हुँदैन । सुगर भएका व्यक्तिले ट्याटू खोपाउँदा निको नहुने खतरा हुन्छ । त्यसैले शरीरमा सुगर ब्यालेन्समा छ भने मात्रै खोप्दा हुन्छ ।

ब्लडप्रेसरको समस्या भएका व्यक्तिहरू शरीरमा ट्याटू खोपाउँदा बेहोस हुन सक्ने खतरा हुन्छ । त्यसैले यस्तो समस्या भएका व्यक्तिले ट्याटू नखोप्न डा. तभ्या सुझाउँछन् । सकेसम्म त ट्याटू नखोपेकै राम्रो ! जहाँ ट्याटू खोप्दै हुनुहुन्छ, त्यहाँका आर्टिस्टले काम गर्ने तरिका, औजारको सरसफाइ लगायतमा शुरूमै विचार पुऱ्याउनुपर्छ । उसले प्रयोग गर्ने औजार कस्तो छ, त्यसको निर्मलीकरण कसरी गरिएको छ भन्नेबारे बुझ्नुपर्छ । ख्याल गरिएन भने शरीरमा विभिन्न संक्रमण हुन सक्छ । ट्याटू खोप्ने मेसिनलगायतका औजार सेनिटाइज गर्नुपर्छ ।

ट्याटू खोपेको ७-१० दिनसम्म घाउ आलै हुन्छ । यो अवधिमा एकदमै सचेत हुनुपर्छ । यस अवस्थामा लापरवाही गर्दा विभिन्न सङ्क्रमण हुन सक्छ । ट्याटूको घाउ ओभानो नराख्दा तथा भिज्दा ब्याक्टेरियाले सङ्क्रमण गर्न सक्छ । घाउमा पसिना पनि जम्न दिनुहुँदैन र केही समस्या देखिए तुरुन्तै चिकित्सकको परामर्शमा जानुपर्ने खबरहबले उल्लेख गरेको छ ।

## रामयण ...

सान्तवना हुने बटुकहरुलाई प्रमाण पत्रसहित नगद पुरस्कार वितरण गरिएको आयोजक विद्यापीठ व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद पौडेलले जानकारी दिए । त्यसैगरी प्रतियोगितामा सहभागी अन्य गुरुकुलका बटुकहरुलाई पनि सहभागिताको प्रमाण पत्र वितरण गरिएको थियो ।

प्रतियोगिताको निर्णायकद्वयमा मेची बहुमुखी क्याम्पसका उपप्राध्यापक डा.गोपीकृष्ण खतिवडा र अर्जुनधारा-१ स्थित सिंहदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक लक्ष्मीप्रसाद रिजाल रहेका थिए ।

सोही कार्यक्रममा विश्व विराट ज्ञान आश्रमको 'एक करोड गीता दान महाअभियान' अर्न्तगत आश्रम झापाका प्रतिनिधि टंकनाथ कुँइकेलले कार्यक्रमका सहभागीहरुलाई गीताको पुस्तक र व्यवसायी सुरेन्द्र शाहले प्रसाद वितरण गरेका थिए ।

विद्यापीठ व्यवस्थापन समितिका अध्यक्ष पौडेलको अध्यक्षता र कनकाई प्रतिभा प्रतिष्ठानका अध्यक्ष जीवनाथ सुवेदीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा अर्जुनधारा जलेश्वरधाम व्यवस्थापन समितिकी उपाध्यक्ष चन्द्रकला भण्डारी, साहित्य चौतारी झापाका संस्थापक देवीभक्त श्रेष्ठ, अर्जुनधारा संस्कृत वेद विद्यापीठका प्राचार्य आचार्य हेमन्त भण्डारी, शंकराचार्यपीठ पूर्व विद्यार्थी मञ्चका अध्यक्ष गायत्री दाहाललगायतले आदिकवि भानुभक्त आचार्यको जीवनी बारे चर्चा गरेका थिए ।

विद्यापीठका ध्यान शिक्षक चिरञ्जीवी ढुंगानाले कार्यक्रमको औचित्यसहित स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन धामका मूलअर्चक अग्निप्रसाद सिग्देलले गरेका थिए ।

## ह्वाट्सएप...

ठगी गरेकी थिइन् ।

पक्राउ परेकी थापा विरुद्ध जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक दीपक रायले जानकारी दिए ।

# लागूऔषधसहित पक्राउ

**बिर्तामोड, असार २९।** कमल गाउँपालिका-३ स्थित सडकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ ग्राम र नगद २० हजार रूपैयाँसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा शिवसताक्षी नगरपालिका-७ बस्ने ३५ वर्षीय उदय लिम्बू र सोही नगरपालिका-११ बस्ने ३३ वर्षीय जनम चेम्जोङ रहेका छन् । प्रहरी चौकी केर्खाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो । साथै उनीहरूले प्रयोग गरेको प्रदेश.७-०२-०२३ प ३१६० नम्बरको मोटरसाइकल प्रहरीले बरामद गरेको छ ।

त्यसैगरी मोरङको पथरी-शनिश्चरे नगरपालिका-९ जरायो टोलबाट लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ५ ग्रामसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ३४ वर्षीय रवीन्द्रराज राई, २९ वर्षीय सनम मगर र ३२ वर्षीय वीरेन्द्र राई रहेका छन् । इलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको हो ।

त्यस्तै सुनसरीको धरानबाट अवैध लागूऔषधसहित पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय धरानले विशेष सूचनाको आधारमा अवैध लागूऔषध र नियन्त्रित औषधिसहित प्रहरीले पाँच जनालाई पक्राउ गरेको हो ।

प्रहरी टोलीले धरान -१९ का १७ वर्षीया एक किशोरीको कोठामा लुकाएर राखेको ट्रमाडोल १४ हजार नौ सय एक क्याप्सुल, स्पाज्मोल सात हजार ४९६ ट्याप्लेट र कोलीबान एक हजार १५५ ट्याप्लेटसहितको अवैध लागूऔषध तथा नियन्त्रित औषधि प्रहरीले बरामद गरेको जनाएको छ ।

प्रहरी नायब उपरीक्षक नवीनकृष्ण भण्डारीका अनुसार कानूनी प्रक्रिया पूरा गरी चेकजाँच गर्दा अवैध लागूऔषधसहित नगद ७६ हजार रुपैयाँ फेला पारी कानून बमोजिम बरामद गरिएको हो ।

**फर्ममा कर्मचारी आवश्यकता**

झापाको एक गाई फर्ममा काम गर्ने १ जना जागर भएको फूर्तिलो कर्मचारीको आवश्यकता परेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

उमेर २५ बर्षदेखिमाथि काम गर्न सक्नेसम्मको

तलबः आपसी समझदारीमा अन्य सेवासुविधासहित ।

**सम्पर्कः ९८१५९६४०५३**

**पाथीभरा दूध डेरी,** बिर्तामोड-१, अतिथि सदन रोड, झापा

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## सञ्चार क्षेत्र पीत पत्रकारिताबाट मुक्त गरौं

**प्रसिद्ध अमेरिकी साहित्यकार मार्क ट्वेन भन्छन्– सार्वजनिक महत्वका विषय नसुन्ने, नपढ्ने वा नहेर्ने हो भने सूचनाबाट वञ्चित भइन्छ भने सुन्ने, जानकारी राख्ने गर्दा गलत सूचनाको शिकार हुने प्रबल सम्भावना हुन्छ । पत्रकारिता पेशा मर्यादा, जवाफदेहिता र उत्तरदायित्वसहितको पेसा भएको सच्चाइलाई ग्रहण गर्न र तदनुरूप समस्त क्रियाकलाप केन्द्रित गर्ने हो भने समस्या न्यूनीकरण हुन सक्छ । पत्रकारिता नेपालमा पछिल्लो समय मिसन पत्रकारिताको ठाउँमा व्यावसायिक पत्रकारिताको विकास भइरहेको छ । हरेक कुरामा पैसाको भूमिका प्रमुख बनाउने वा पक्षधरतालाई बढावा दिने हो भने सही र साँचो भन्ने कुरा हराएर जान्छ । यो कुरा नेपाली पत्रकारिताको लागि घातक हो । जसले निष्पक्ष सूचना आमजनतालाई दिन सक्दैन । बहुदलीय शासन व्यवस्थामा दलैपिच्छे पत्रकार विभाजित हुनुलाई सामान्य मानिएला, तर देशभर पत्रकार राजनीतिक दलहरुको छायाँमा रहेका प्रेस युनियन, प्रेस संगठन, प्रगतिशील पत्रकार संघ, क्रान्तिकारी पत्रकार महासंघ, मिडिया नेपाल, मिडिया सोसाइटी, थारु पत्रकार संघ, मगर पत्रकार संघ, फोनिज लगायत विभिन्न जातीय पत्रकार संघ–संगठनभित्र रहेर पत्रकारिता गरिरहेको परिवेशले पक्षधरताको बीजारोपण हुन्छ ।**

**हुन त स्वतन्त्र पत्रकारिता गर्नेहरु पनि छन् । पछिल्लो समय पत्रपत्रिका तथा आमसञ्चारमा आएका समाचारहरुलाई प्रायोजित समाचार हुने गरेका छन् । राज्यको चौथो अङ्ग मानिने पत्रकारिताको मूल धर्म राज्यका तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको खबरदारी गर्नु हो । पत्रकारिता गर्दा आफ्नो राजनीतिक आस्था लेखाइ, बोलाइमा देखिनु हुँदैन । नागरिकको सुसूचित हुने अधिकार प्राप्तिका लागि स्वतन्त्र पत्रकारिता हुनुपर्छ । यसो भनिरहँदा मुलुकको पत्रकारिता भने दलगत राजनीतिबाट मुक्त हुन सकिरहेको छैनन् । पत्रकारहरुको छाता संगठन मानिने नेपाल पत्रकार महासंघ पनि राजनीतिको छायाँबाट मुक्त हुन सकेको छैन । पत्रकारिता क्षेत्रले राज्य सञ्चालकहरुलाई जवाफदेही र पारदर्शी बनाउन प्रेरित गर्नुपर्छ । नागरिक अरूप्रति मर्यादित र जिम्मेवार हुनु, सरकार नागरिकप्रति जिम्मेवार हुनु र यी सबैलाई जिम्मेवार र मर्यादित बनाउन आमसञ्चार सहकर्ता र पहरेदार हुनै पर्दछ । नेपालको संविधान २०७२ ले समेत प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेको छ ।**

**सूचनालाई तोडमरोड गर्ने, उपल्लो स्तरका शक्तिशालीका पक्षमा बनावटी समाचार बनाउने, तस्कर र घरानियाका गलत कुरा ढाकछोप गर्न कुतर्क गर्ने प्रवृत्ति पीत पत्रकारितामा पर्दछ । यस्ता समाचारले जनता र सर्वसाधारणको पत्रकारिताप्रतिको विश्वासमा कुठाराघात हुन्छ र कुनै बखत सही र सत्य समाचार दिंदा पनि अविश्वास गरिन्छ । हरेक मानिस र वस्तुको स्वधर्म हुन्छ । आफ्नो धर्म छोड्ने हो भने धर्मच्युत, कर्तव्यच्युत हुन्छ । यो कुरा सञ्चार क्षेत्रमा पनि लागू हुन्छ । सञ्चारकर्मीले समाज र राष्ट्रको मातहतमा आफ्नो स्वार्थ राखेका दिन सबै कुरा सच्चिने बाटोमा लाग्छ । सञ्चार क्षेत्रलाई पीत पत्रकारिताबाट मुक्त गरिएको दिनबाट राज्यका अन्य निकाय ठीक मार्गमा लाग्छन् । सञ्चार क्षेत्रको मुलुक निर्माणका लागि अति ठूलो भूमिका हुने कुरा आत्मसात गरेमा मात्र पत्रकारिताले ठीक दिशा पक्रन सक्छ ।**

# विकास प्रयासमा देखिएका चुनौति, सामाजिक न्याय र समृद्धि



डा. दिनेशचन्द्र देवकोटा

आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित बजेट रु. एक हजार सात सय ५१ अर्ब भए तापनि संशोधन गरी यस वर्ष एक हजार पाँच सय ३० अर्बमा घटाइएको छ। यसै सन्दर्भमा, आ.व. २०८१/०८२ मा एक हजार आठ सय ६० अर्बको प्रस्तावित बजेट संसदबाट पास भए पनि कार्यान्वयनमा चुनौति देखिन्छ। यसमा वैदेशिक अनुदान आ.व. २०८०/०८१ मा रु. ५० अर्ब प्रस्तावित भए पनि यस वर्ष जेष्ठसम्म रु. तीन अर्ब मात्र प्राप्त हुनु दुःखको कुरा हो। हामीले विदेशसँग आर्जन गर्न नसकेको विश्वसनीयता र अरू स्रोतहरू समेत अनुमान गरिएको तुलनामा उठ्न नसक्नु आफैँमा गम्भीर विषय हो।

मुलुकको राजश्व आशातीत परिचालित हुन नसक्नु, पुँजीगत खर्च गर्न नसक्नु, स्वदेश र विदेशबाट ऋण प्रस्तावित कार्यान्वयन हुन नसक्नु तथा साँवा र ब्याज राष्ट्रले तिर्ने ऋणको भार बढ्दै जानु यो परिस्थितिमा अबको समृद्धिको यात्रामा चुनौतिका विषय हुन्। संविधानमा उल्लेखित समाजवाद उन्मुख राज्यव्यवस्था मूलतः लोककल्याणकारी चरित्रको उदार, खुला र प्रतिस्पर्धी हो। तर, संविधानमा जे व्यावस्था भए पनि कार्यान्वयमा समस्या भने देखिन्छ। यसै विषयमा हामीले विकास प्रयासमा देखिएका चुनौतिहरूको विश्लेषण गरेका छौं।

**गरिबी र असमानता :** गरिबी र असमानता नेपालको विकासको प्रमुख बाधक हुन्। ग्रामीण क्षेत्रका जनताले पर्याप्त सुविधा र अवसरहरू प्राप्त गर्न नसकिरहेको अवस्थामा शहरी क्षेत्रका जनताहरूले तुलनात्मक रूपमा बढी सुविधा र अवसरहरू पाउँदैछन्। आर्थिक असमानताले सामाजिक असन्तुलन पैदा गरिरहेको छ। उदाहरणका लागि, ग्रामीण क्षेत्रमा आधारभूत स्वास्थ्य र शिक्षाको पहुँच सीमित छ, जसले गर्दा गरिबीको चक्रलाई तोड्न कठिनाइ भएको छ।


**शिक्षा र स्वास्थ्य :** शिक्षा र स्वास्थ्य सेवाहरूको अभाव विकासको लागि अर्को ठूलो बाधा हो। ग्रामीण क्षेत्रका विद्यालयहरूमा आधारभूत सुविधाहरूको कमी छ। शिक्षण स्तर सुधार गर्न र गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न सरकारले पर्याप्त स्रोत उपलब्ध गराउनुपर्छ। स्वास्थ्य सेवाहरूमा पहुँच सीमित छ, जसले गर्दा ग्रामीण क्षेत्रका जनताहरूलाई स्वास्थ्य सेवाको पहुँचमा समस्या भएको छ।

**रोजगारी र व्यवसाय :** रोजगारी र व्यवसायको कमीले पनि नेपाललाई आर्थिक रुपमा पछि पारेको छ। युवा वर्ग वेरोजगार छ। यसले गर्दा उनीहरूको क्षमताको सही प्रयोग हुन सकेको छैन। व्यावसायिक वातावरण सुधार गर्न र स्वरोजगार प्रबर्द्धन गर्न ध्यान दिनु आवश्यक छ। वेरोजगारीले गर्दा युवा विदेशिन बाध्य छन्। यसले देशमा 'ब्रेन ड्रेन'को समस्या उत्पन्न गरेको छ। देशको विकासका लागि युवा शक्तिलाई सही ढङ्गले प्रयोग गर्न सरकारले रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ।

**पूर्वाधार विकास :** पूर्वाधार विकासमा पनि धेरै काम गर्न बाँकी छ। यातायात, सञ्चार, विद्युत् आदि क्षेत्रहरूमा लगानीको आवश्यकता छ। ग्रामीण क्षेत्रका लागि विशेष पूर्वाधार विकास कार्यक्रमहरू आवश्यक छन्। यसले गर्दा गाउँ-गाउँमा पनि विकासको पहुँच पुग्न सकोस्। नेपालको भौगोलिक विविधता र कठिनाइका कारण पूर्वाधार विकास चुनौतिपूर्ण छ। ग्रामीण क्षेत्रहरूमा यातायात र सञ्चारको पहुँच सीमित छ। यसलाई सुधार गर्न सरकार र निजी क्षेत्रले मिलेर काम गर्नु पर्दछ।

**सुशासन र पारदर्शिता :** सुशासन र पारदर्शीता विकासको महत्वपूर्ण आधार हो। भ्रष्टाचारले विकास प्रयासहरूमा अवरोध पुऱ्याइरहेको छ। प्रशासनिक प्रक्रियाहरूलाई सरल र पारदर्शी बनाउन आवश्यक छ। यसले गर्दा जनताले सरकारप्रति विश्वास कायम गर्न सकून्। नेपालमा भ्रष्टाचार व्यापक रूपमा फैलिएको छ। यसले विकास प्रयासहरूमा गम्भीर अवरोध पुऱ्याइरहेको छ। प्रशासनिक सुधार र भ्रष्टाचार नियन्त्रणका लागि कडा कदम चाल्नु पर्दछ। पारदर्शीता र जवाफदेहीता बढाउन सरकार र गैरसरकारी संस्थाहरूले मिलेर काम गर्नुपर्छ।

**वातावरण संरक्षण र जलवायु परिवर्तन :** वातावरण संरक्षण विकाससँगै अघि बढ्नुपर्ने महत्वपूर्ण विषय हो। वातावरणीय सन्तुलन कायम राख्न र प्राकृतिक स्रोतहरूको दिगो उपयोग सुनिश्चित गर्न आवश्यक छ। जलवायु परिवर्तनको प्रभावलाई मध्यनजर राख्दै विकास रणनीतिहरू तयार गर्नुपर्छ। यसले गर्दा भविष्यका पिँढीहरूलाई स्वस्थ र सुरक्षित वातावरण मिलोस्। नेपाल प्राकृतिक स्रोतहरूले धनी देश हो। यिनको सही संरक्षण र व्यवस्थापन नगर्ने हो भने वातावरणीय सङ्कट उत्पन्न हुन सक्छ। जलवायु परिवर्तनका चुनौतिहरूलाई सामना गर्न र वातावरणीय सन्तुलन कायम राख्न सरकार, निजी क्षेत्र र नागरिक समाजले संयुक्त प्रयास गर्नुपर्छ।




**सामाजिक न्याय :** सामाजिक न्यायको सुनिश्चितता विकासको आधार हो। सबै वर्ग र समुदायलाई समान अवसर र सुविधाको पहुँच सुनिश्चित गर्नुपर्छ। लैङ्गिक समानता, जातीय समानता र सामाजिक समावेशीकरणमा ध्यान दिनुपर्छ, जसले गर्दा समाजको हरेक तप्काले विकासको लाभ प्राप्त गर्न सकोस्। नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश हो। यहाँ विभिन्न जाति, भाषा र संस्कृतिका मानिसहरू बसोबास गर्छन्। यिनको अधिकार र अवसरको समान सुनिश्चितबिना विकास सम्भव छैन। लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा विशेष ध्यान दिनुपर्छ।

**दलाल पुजीवादको विकास :** सन् १०८० को शुरुदेखि नै नेपालले आर्थिक क्षेत्रमा उच्च व्यापार तथा शोधनान्तर घाटा, बढ्दो बजेट घाटा, मुद्रास्फीति, तथा घट्दो विदेशी मुद्रा सञ्चिति जस्ता समस्याको सामना गर्नुपऱ्यो। सन् १०८५ मा नेपालमा पनि आर्थिक सुधारका नाममा राज्यको भूमिका घटाउने र खुला बजार अर्थतन्त्र अपनाउने अवस्था आयो। व्यापार, वित्तीय र विनिमय प्रणालीको उदारीकरण यसैबेलादेखि शुरु भयो।

**नेपालको समाजवाद निर्माण :** अहिले नेपाल एकातिर प्रतिस्पर्धी राजनीति, खुला समाज, खुला व्यापार, निजी क्षेत्रको वाहुल्य भएको अर्थतन्त्र, वाह्य सहायतामा आधारित सार्वजनिक वित्त स्थिति, उच्च लगानीका लागि बाह्य पूँजीमाथिको निर्भरता तथा अर्थतन्त्रमा सार्वजनिक क्षेत्रको कमजोर अवस्थितिका बीचमा छ भने अर्कातिर उच्च आर्थिक वृद्धि, सामाजिक न्यायसहितको विकास, सामाजिक सुरक्षा र समृद्धिको बाटोबाट छिटोभन्दा छिटो समाजवादतर्फ सङ्क्रमण गर्नुपर्ने आकांक्षामा पनि छ। मुलुकी संहिता कार्यान्वयन, संविधानमा उल्लेखित मौलिक हकको पूर्ण कार्यान्वयन, प्रतिस्पर्धी र समाजप्रति जिम्मेवार निजी क्षेत्रको विकास, शिक्षा, स्वास्थ्य लगायतका आधारभूत सामाजिक सेवामा राज्यको दरिलो उपस्थिति, आर्थिक पूर्वाधारको विकास, सामाजिक संरक्षण र सुरक्षामा राज्यको उत्तरदायी भूमिका, उत्पादनका साधनमा बहुसंख्यक जनताको पहुँच, राष्ट्रिय उद्योगको विकास र न्यायपूर्ण उत्पादन सम्बन्धबाट समाजवादतर्फ अघि बढ्नु आजको मार्गचित्र हो।

**मुख्य सुधार गर्नुपर्ने क्षेत्र वन, कृषि शिक्षा :** वनको सदुपयोग अझै विस्तारित रुपमा हुन सकेको छैन। वन पैदावरलाई उपयोग गर्ने नीति आवश्यक देखिन्छ। काठजन्य सामग्री आयातबाट अर्थतन्त्रमा गम्भीर असर परेको छ। आयात रोक्ने एउटा उपाय भनेको वन पैदावरको सही उपयोग पनि हो। त्यस्तै कृषि प्रदन देश नेपालमा व्यावसायिक कृषि गर्नु अनिवार्य बनेको छ। आन्तरिक उत्पादनलाई प्राथमिकता दिँदै आत्मनिर्भर र निर्यातमुखी कृषि अहिलेको आवश्यकता हो।

त्यस्तै, विद्यार्थीको सिकाइको स्तर सुधार्न नसक्नु नेपालको शिक्षा प्रणालीको सबैभन्दा पेचिलो विषय बनेको छ। अर्थतन्त्रसँग जोड्न नसक्नु पनि यसको गम्भीर समस्या हो। यसले विद्यालयदेखि विश्वविद्यालय तहसम्म सार्वजनिक शिक्षामा सरकारले गरेको लगानीबाट न्यून प्रतिफल प्राप्त भएको छ। शिक्षाको गुणस्तरमा देखिएका यी यावत् समस्याका कारण शिक्षाले नेपालको आर्थिक वृद्धिमा अपेक्षाकृत योगदान दिन सकेको देखिँदैन। यस विषयमा पर्याप्त अध्ययन अनुसन्धान र गरमागरम सार्वजनिक बहस निर्माण हुन नसक्नु नेपालका लागि अर्को विडम्बना हो।

**समृद्धिका लागि ठोस कदम :** यी सबै मुद्दाहरूलाई मध्यनजर राख्दै नेपालले आफ्नो विकास प्रयासहरूलाई अघि बढाउनुपर्छ। सामाजिक न्याय र समृद्धिको लागि ठोस कदमहरू चाल्न आवश्यक छ, जसले गर्दा सबै नेपालीले विकासको लाभ प्राप्त गर्न सकून्। विकास प्रयासहरूमा सबैको सक्रिय सहभागिता र सहयोगले मात्र देशलाई समृद्धिको यात्रामा अघि बढाउन सकिन्छ। समग्र नेपालको हाल चलिरहेको आर्थिक ढाँचामा पुनरावलोकन गरी वैदेशिक व्यापारबाट सामान आयात गर्ने, भ्याटबाट राजश्व सङ्कलन गर्ने, रेमिट्यान्सको पैसा विदेश पठाइ राजश्व उठ्दा रमाउने सोचलाई परिवर्तन गरी नेपालको विशिष्टमा आधारित हरित अर्थतन्त्र, पानी, वन, कृषि, जडीबुटी, वन्यजन्तु र पर्यावरणीय पर्यटनलाई सम्वर्द्धन-प्रवर्द्धन गर्ने सकिने र छरिएको पूँजी एकीकृत भई राष्ट्रिय पूँजी निर्माण हुँदै स्वाभिमानी अर्थतन्त्रको निर्माण र आफ्नै मौलिकतामा आधारित समाजवादउन्मुख बाटोमा अर्थतन्त्रलाई लैजान सकिन्छ।

नेपाललाई सामाजिक न्याय र समृद्धिको मार्गमा अगाडि बढाउन यी चुनौतिहरूलाई समाधान गर्दै सरकार र सरोकारवाला निकायहरूले ठोस कदम चाल्नु आवश्यक छ। समृद्ध नेपालको सपना साकार पार्न सबै क्षेत्रबाट एकजुट प्रयास आवश्यक छ। देशको समग्र विकासको लागि शिक्षा, स्वास्थ्य, रोजगारी, पूर्वाधार, सुशासन, वातावरण संरक्षण र सामाजिक न्यायमा विशेष ध्यान दिनुपर्छ। यसरी मात्र हामीले समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य प्राप्त गर्न सक्छौं।

*(डा. देवकोटा बागमती प्रदेशसभा सदस्य तथा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष हुन्।)*

# मिर्गौला बिग्रने पाँच कारण



नेपालमा मिर्गौला रोगीहरुको संख्या दिन प्रतिदिन बढिरहेको पाइन्छ। अझ सानै उमेरदेखि नै मिर्गौलामा समस्या देखिन थालेकोले चिन्ता बढाएको छ। एक पटक मिर्गौला फेल भइसकेपछि यसको उपचार प्रक्रिया असाध्यै महँगो र झन्झटिलो हुन्छ।

मिर्गौला फेल भइसकेपछि डाइलाइसिस वा प्रत्यारोपण बाहेक अर्को विकल्प नै छैन्। त्यसैले मिर्गौला बिग्रन नै नदिनका लागि हामीले शुरुदेखि नै हाम्रो आनीबानी, जीवनशैली स्वस्थ बनाउन जरुरी छ। बेलैमा सतर्क रहेर यसलाई बचाउन सक्यौं भने यसको झन्झटिलो उपचार र जीन्दगीभरको कमाई सक्नुपर्ने हुँदैन। त्यसैले धेरै हदसम्म मिर्गौलालाई स्वस्थ राख्ने जिम्मा हाम्रै हातमा छ। मिर्गौला मुख्यत: यी पाँच कारणले गर्दा बिग्रने गर्छ।

**उच्च रक्तचाप**

उच्च रक्तचाप मिर्गौला बिगार्ने प्रमुख कारण हो। जब कुनै व्यक्तिमा उच्च रक्तचापको समस्या हुन्छ। उसले के सोच्न पऱ्यो भने म अब मिर्गौला रोगको पनि जोखिममा छु। त्यसैले यस्ता समस्या भएका व्यक्तिले नियमितरुपमा आफनो मिर्गौला ठीक छ की छैन भन्ने जान्नका लागि परीक्षण गर्न जरुरी हुन्छ।

**मधुमेह**

मधुमेह अर्थात् चिनी रोग अर्को ठूलो शत्रु हो मिर्गौलाका लागि। मधुमेहको समस्या भएका बिरामीको सुगर लेबल नियन्त्रण भएन भने यसले सिधै मिर्गौला बिगार्न तर्फ लाग्छ। त्यसैले मधुमेहको समस्या भएका बिरामीले आफ्नो मिर्गौला जोगाउनका लागि सुगर नियन्त्रण मा राख्न अत्यावश्यक हुन्छ। त्यसो त मधुमेह भएका बिरामीको मुटु आँखा, नसा लगायतका अंगमा पनि समस्या देखिने गर्छ। त्यसतर्फ बेलैमा सजग हुनुपर्छ।

**जथाभावी औषधिको प्रयोग**

कतिपय मानिसहरुले सामान्य त हो भनेर आफूखुशी फार्मेसीबाट ल्याएर औषधि खाने गर्छन्। तर, यसले मिर्गौलामा असर गरिरहेको हुन्छ। यसको हेक्का सबैले राख्नैपर्छ। आफूखुशी यस्ता पेनकिलर, एन्टिबायोटिक खाँदा यसले मिर्गौलालाई असर गर्न थाल्छ र बिस्तारै मिर्गौला फेल हुनतर्फ जान्छ। चिकित्सकको सल्लाहबिना कुनै पनि औषधि घातक हुन सक्छ।

**अस्वस्थकर खानेकुरा**

अहिले बजारमा अनेक थरीका रंगीचंगी खानेकुराहरु पाइन्छन्। जसमा धेरै मानिसहरु भुलेको पाइन्छ। यस्ता जंकफुड र भद्रगोल रुपमा खाइने खानेकुरा मिर्गौलाका लागि खराब हुन्छन्। त्यसो त यस्ता खानेकुराले मिर्गौला मात्र हैन अन्य अंगरुलाई पनि क्षति पुराइरहेको हुन्छ जिब्रोको स्वादको लागि खाइने यस्ता खानेकुराले मिर्गौला बिगारीरहेको हुन्छ। के खाने ने कसरी खाने भन्ने बुझ्न जरुरी हुन्छ। पायो भन्दैमा सबै खानेकुरा खानु नराम्रो हो।

**शारीरिक व्यायामको कमी**

हामी मध्ये कति जनाले नियमित शारीरिक व्यायाम गर्छौ शरीरका लागि शारीरिक अभ्यास अत्यन्त जरुरी हुन्छ। प्रत्येक दिन केही समय छुट्याएर शारीरिक अभ्यास गर्ने, हिँड्ने वा योगा प्राणायाम गर्न जरुरी छ। तर, अनियन्त्रित रुपमा खानेकुरा खाने अनि शारीरिक अभ्यास नगर्दा यसले मोटोपना निम्त्याउन जान्छ। सँगसँगै चिनीरोग र मिर्गौला रोग पनि। त्यसैले नियमित शारीरिक अभ्यास नगर्दा पनि मिर्गौला मा समस्या पारिरहेको हुन्छ।

यी त भए मिर्गौला बिगार्ने मुख्य कारण। यस बाहेक वंशाणुगत कारण पनि मिर्गौलामा समस्या देखिन सक्छ। यसका साथै नियमित स्वास्थ्य परीक्षण नगर्दा पनि मिर्गौलामा भएको सानो समस्या पछि फेल हुनेसम्म पुग्छ। त्यसैले मिर्गौला ठिक छ की छैन भनेर जान्नका लागि पनि यसको नियमित जाँच गर्न जरुरी हुन्छ।

याद रहोस् धेरैसजो मिर्गौलाको समस्यामा लक्षण नै नदेखिन सक्छ र लक्षण देखिने बेलासम्म यसले काम गर्न छोडिसकेको हुन्छ। त्यसैले मिर्गौलालाई स्वस्थ राख्नका लागि माथिका यी कुराहरुमा ध्यान दिन जरुरी छ।

# वाणिज्य सघंलाई समरसिवल पम्प र दमकल डेलीभरी पाइप प्रदान




**बिर्तामोड, असार २९।** बिर्तामोडका व्यवसायी विश्वेश्वरप्रसाद बजगाई (विपिन) र बिनिता बजगाँईले बिर्तामोड उद्योग वाणिज्य संघलाई दुई सेट जमेको पानी तान्ने समरसिवल पम्प र दमकल डेलीभरी पाइप प्रदान गरेका छन् ।

बिर्तामोड- ५ निवासी विपिन संघको कार्यसमिति सदस्य समेत हुन् । उनले २५औं वैवाहिक वर्ष गाठको अवसर पारेर उक्त सामग्री संघलाई प्रदान गरेका हुन् । ढलको उचित निकास नहुँदा बिर्तामोडका व्यवसायीले दुई साताअघि मात्रै पसलमा पानी परेर लाखौं रुपैयाँको क्षति व्यहोर्नु परेको अवस्थालाई मध्यनजर गर्दै उनले आगामी दिनमा व्यवसायीले यस्तो समस्या व्यहोर्नु नपरोस् भन्दै समरसिवल पम्प र दमकल डेलीभरी पाइप प्रदान गरेको जनाएका छन् ।

संघको कार्यालयमा आयोजित संक्षिप्त कार्यक्रमकाबीच उनले उक्त सामग्री संघका अध्यक्ष राजु न्यौपानेलाई हस्तान्तरण गरे । गत असार ११ गते अविरल वर्षाका कारण बिर्तामोडको विशाल मार्केट र प्रसाई मार्केटमा रहेका व्यवसायीहरुको पसलमा पानी पसेर पानीले पसलमा राखिएका सामग्रीमा भिजाएर नष्ट गर्दा व्यवसायीले लाखौं रुपैयाँको क्षति व्यहोर्नु परेको बताए ।

उनले बर्षाका कारण कुनै पनि व्यवसायीहरुको पसल तथा गोदाममा पानी जम्न गएमा तत्काल त्यसको निकासका लागि जमेको पानी तान्ने समरसिवल पम्प र दमकल डेलीभरी पाइप व्यवसायीलाई उपलव्ध गराउनका लागि आफूले बिर्तामोड उद्योग वाणिज्य संघलाई पम्प प्रदान गरेको बताए ।

युनिक मेसिनरी ट्रेडर्सका प्रोपाइटर तथा युनिक इन्टरप्राइजेज बिर्तामोडका प्रबन्ध निर्देशक समेत रहेका बजगाँईले विगत सात-आठ वर्षअघि वर्षाका कारण बाढी पसेर आफ्ना पसलका सबै सामग्री नष्ट गरेको भन्दै अन्य व्यवसायीलाई समस्या परे सहजताका लागि पम्प प्रदान गरेको बताए ।

सहयोग सामग्री ग्रहणपछि संघका अध्यक्ष न्यौपानेले बिर्तामोड उद्योग वाणिज्य संघका कार्य समिति सदस्य विपिन उनकी पत्नी विनिताले २५औं विवाह बर्षगाठको अवसर पारेर जमेको पानी तान्ने मेसिन प्रदान गरेर पुण्यको काम गरेको बताए ।

बर्षाका कारण कुनै पनि व्यवसायीहरुको पसल तथा गोदाममा पानी जम्न गई क्षति न्यूनिकरणका लागि पानी निकाल्नु परेमा संघद्वारा उक्त पम्प नि:शुल्क उपलब्ध गराउने बताउँदै व्यवसायीलाई आवश्यक परे तत्काल अध्यक्ष न्यौपाने ९८५२६७२१०१, महासचिव कुशल खतिवडा ९८५२६७४६४० कोषाध्यक्ष युवराज निरौला ९८४२६५१०३४ सदस्य विपिन बजगाँई ९८५२६७३२३९ कार्यालय सचिव राजु गौतम ९८०४९०२६६१ तथा संघको ०२३-५३०२३६ मा सम्पर्क गर्न उद्योगी, व्यवसायीहरुलाई आग्रह गरे ।

कार्यक्रममा संघका उपाध्यक्ष विशाल थापा, कोषाध्यक्ष युवराज निरौला, सचिव राजकुमार शाह, सदस्य रमेश घिमिरे लगायतले शुभकामना मन्तव्य राखेका थिए । सोही कार्यक्रममा जमेको पानी तान्ने समरसिवल पम्प र दमकल डेलीभरी पाइपको डेमो प्रदर्शन गरिएको कार्यालय सचिव राजु गौतमले जानकारी दिए । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण महासचिव खतिवडाले गरेका थिए ।

# नगर सभामा पाँच जना कर्मचारी सम्मानित




**भद्रपुर, असार २९।** भद्रपुर नगरपालिकाले पाँच जना उत्कृष्ट कर्मचारीलाई प्रोत्साहन स्वरूप नगदसहित सम्मान गरेको छ ।

नगरपालिकाले नगर सभाको १४औं अधिवेशनको दोस्रो बैठकको अवसर पारेर उत्कृष्ट कर्मचारीहरू लेखा अधिकृत सुभाष भट्टराई, ५ नम्बर वडा कार्यालयका वडा सचिव कल्पना आचार्य, पूर्वाधार शाखाका प्राविधिक कर्मचारी सुनिल दाहाल, नगर प्रहरीका असई चन्द्र प्रधान र सरसफाइतर्फका कर्मचारी बालकुमार राईलाई जनही सात हजार पाँच नगदसहित सम्मान गरेको हो ।

सम्मानित हुने कर्मचारीहरूलाई भद्रपुर नगर प्रमुख गणेश पोखरेल, उपप्रमुख राधा कार्की र प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौलाले दोसल्ला उडाएर सम्मान गरेका थिए । त्यस्तै तत्कालीन चन्द्रगढी गाविस र हाल १० नम्बर वडा कार्यालयको जग्गा विवादलाई मेलमिलापको माध्यमबाट सहजीकरण गरिदिने देवीबहादुर श्रेष्ठ र बिजलिदेवी कलवारलाई कदर पत्रसहित सम्मान गरिएको थियो । नगर प्रमुख पोखरेलको अध्यक्षतामा भएको नगर सभाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सर्वसम्मतले पारित गरेको छ ।

कार्यक्रममा सामाजिक विकास समितिका संयोजक सीतादेवी ढकाल गुरागाँई, आर्थिक विकास समितिका संयोजक प्रशंसा ठटाल, पूर्वाधार विकास समितिका संयोजक विवेक राजवंशी, वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका सदस्य अर्जुन बानियाँ, संस्थागत विकास तथा सेवा प्रवाह समितिका संयोजक कहरसिंह राजवंशी, विधेयक समितिका संयोजक सन्ध्या हाँडा, न्यायिक समितिका सदस्य मञ्जुदेवी पोखरेल लगायतले चालू आवको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

# वित्तीय साक्षरता तालिम

**बिर्तामोड, असार २९।** वित्तीय साक्षरता सम्बन्धी एक दिवसीय तालिम बिर्तामोडमा सम्पन्न भएको छ ।

गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत बिर्तामोड नगरपालिकाले तालिमको आयोजना गरेको थियो । महिलाहरुलाई आत्मनिर्भर, सशक्तिकरण र उद्यमशिलतासँग जोडेर तालिमको आयोजना गरिएको नगरका वरिष्ठ कार्यक्रम अधिकृत जय तिम्सिनाले बताए ।

सहभागीहरुले तालिम फलदायी रहेको प्रतिक्रिया दिएका छन् । उनीहरुले बचत गर्ने बानीको विकास र आर्थिकरुपमा सक्षम हुनुका लागि आवश्यक उद्यमशिलताको विषयमा महत्वपुर्ण जानकारी प्राप्त गरेको धारणा व्यक्त गरेका छन् ।

विजय तिम्सिनाले सहजीकरण गरेको तालिममा बिर्तामोडका आठ वटा लघुउद्यमी समूहबाट २५ जना महिलाहरुले सहभागिता जनाएका थिए । नगरको आर्थिक विकास समिति संयोजक संगीता सिवाले तालिम उद्घाटन गरेका थिए । नगरपालिकाले इटहरीका विभिन्न लघुउद्यमीहरुले सञ्चालन गरेका पाँच वटा फर्महरुमा अवलोकन भ्रमण समेत गराएको उद्यम विकास शाखा प्रमुख चनिमाया तामाङले जानकारी दिए ।

# झापामा मगर संघको स्थापना दिवस




**बुट्टाबारी, असार २९।** नेपाल राष्ट्रिय मगर संघ झापाको १८औं राष्ट्रिय स्थापना दिवस विभिन्न कार्यक्रमका साथ सम्पन्न भएको छ ।

बन्दी सहायता नेपाल पूर्वाञ्चल शाखाद्वारा सञ्चालित मनमाया आमा, गङ्गा आमा र जगल गार्डेन ब्वाइज होममा आश्रित विभिन्न कारागारमा कैद भुक्तान गरिरहेका अभिभावकका २५ जना बालबालिकालाई खाद्यान्न एवम् स्टेशनरी व्यवस्थापनका लागि रकम हस्तानतरण गरिएको छ ।

नेपाल राष्ट्रिय मगर संघ केन्द्रिय समितिका सभापति दिनेश थापा मगरले ११ हजार एक सय ११ रुपैयाँ संस्थाका सचिव रन्जित परियारलाई हस्तान्तरण गरेका छन् भने अम्बिका समाल राईले केही नगद तथा फलफूल र खाद्यान्न सस्थाका अध्यक्ष जगतबहादुर मगरलाई हस्तान्तरण गरेकी छिन् ।

नेपाल राष्ट्रिय मगर संघको केन्द्रिय सभापतिले पठाएको सन्देश बाचन गर्दै नेपाली कांग्रेसको एउटा दर्बिलो खम्बाको रुपमा रहेको अत्यन्तै पुरानो संगठन राष्ट्रलाई आवश्यक पर्दा शहीद लखन थापा जस्तो बलिदान दिन सक्ने एउटा कर्मशील वर्ग उत्पादन गर्ने मगर जातिहरुको नेपाली कांग्रेसप्रति आवद्ध नेपाल राष्ट्रिय मगर संघको १८औं स्थापना दिवस जिल्ला जिल्लामा विभिन्न कार्यक्रम गर्दै मनाइएको प्रदेश सल्लाहकार संयोजक जगतबहादुर मगरले बताए ।

मगर संघ झापाले बालगृहमा रहेका असहाय बालबालिकाहरुको मुहारमा हाँसो ल्याउँदै भविष्यका कर्णधार उनीहरुलाई शिक्षामा सहयोगार्थ नगदसहित खाजा खाद्यान्नको व्यवस्थापन गरेको भन्दै प्रमुख अतिथि मगर संघ कोशी प्रदेशकी उपसभापति सुष्मा राना मगरले प्रशंसा गरिन् ।

कार्यक्रममा बन्दी सहायता नेपाल पूर्वाञ्चल शाखा सचिव परियार, नेपाली कांग्रेस अर्जुनधारा वडा नं. ११ का उपसभापति नरेन्द्र खड्का, अन्जन तामाङ, गोबिन्द तामाङ्ग, बबिता लिङ्देली मगर र सुन्दर क्याप्छापी मगर लगायतले शुभकामना व्यक्त गरेका थिए ।

नेपाल मगर संघ झापाका सचिव मदन मगरको सभापतित्वमा भएको कार्यक्रलमको सञ्चालन तथा स्वागत जिल्ला कोषाध्यक्ष प्रेमिका मगरले गरेकी थिइन् भने सहजीकरण हरि भण्डारीले गरेका थिए ।

# बालबालिका लक्षित हानिकारक सामग्रीमाथि कारवाही

चीनले बालबालिकाका लागि हानिकारक मानिने सामग्री, भिडियो एप र सामाजिक सञ्जाल प्लेटफर्मलाई लक्षित गर्दै आफ्नो कडा नियन्त्रित इन्टरनेटमा नयाँ कारवाहीको घोषणा गरेको छ ।

सत्तारूढ कम्युनिस्ट पार्टीले घरेलु वेबलाई कडाइका साथ नियमन गरी अश्लील तथा राजनीतिक रूपमा विध्वंसक मानिने सामग्रीलाई सेन्सर गर्ने भएको छ । यसले समय-समयमा अनलाइन प्रभावकर्तादेखि गेमिङ र सपिङ प्लेटफर्मसम्मका विशिष्ट क्षेत्रहरूमा कडाइ गरेको छ ।

एक विज्ञप्तिमा- देशको इन्टरनेट वाचडगले इन्टरनेटमा नाबालिगको सुरक्षालाई प्रभावकारी रूपमा सुदृढ पार्न र स्वस्थ, सुरक्षित अनलाइन वातावरण सिर्जना गर्न दुई महिनाको 'क्लियर एण्ड ब्राइट' अभियान शुरु गरिरहेको बताएको छ ।

यस कदमले छोटो-भिडियो र लाइभ स्ट्रिमिङ प्लेटफर्महरू, सामाजिक मिडिया साइटहरू, अनलाइन सपिङ प्लेटफर्महरू, एप स्टोरहरू, बच्चाहरूका लागि स्मार्ट उपकरणहरू र नाबालिगहरूका लागि अनलाइन नियन्त्रणसँग सम्बन्धित 'प्रमुख समस्याहरू समाधान गर्ने चीनको साइबरस्पेस प्रशासनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।'


## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



## बराल ट्याक्सी सर्भिस

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०



## श्री पतालगंगा बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-५, झापा

## कर्जा बुझाउन आउने बारे सूचना

पहिलोपटक प्रकाशित मितिः २०८१।०३।३०

यस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउन पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एव्म मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफुले तिर्न बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा व्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफूले बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सुचित गरिन्छ। अन्यथा कालो सूचिमा राख्न लेखि पढाई सहकारी ऐन २०७४ बमोजिम कानूनी कारवाही अगाडि बढाइने जानकारी गरिन्छ ।

**१. ऋणी/जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : गणेश कुमार विश्वकर्मा
बाबुको नाम : अगम बहादुर विश्वकर्मा
बाजेको नाम : अभिलाल विश्वकर्मा
पत्निको नाम : ललिता विश्वकर्मा
ना.प्र.नं. : ४०४११८३८ (झापा)
फोन नं. ९८४२७२६४८६
ठेगाना : शनिश्चरे-१
परिवारको जमानीकर्ता : ललिता विश्वकर्मा
जमानीकर्ता : रमेश रसाईलि

**२. ऋणी/जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : लिला देवि पाण्डे कार्की
बाबुको नाम : इन्द्र प्रसाद पाण्डे
बाजेको नाम : देवि प्रसाद पाण्डे
पतिको नाम : ध्रुव कार्की
ना.प्र.नं. : ०४-०१-७६-०२७५७ (झापा)
फोन नं. : ९८०७९६४४३५
ठेगाना : बिर्तामोड -०१
परिवारको जमानीकर्ता : ध्रुव कार्की
बाबुको नाम : नर बहादुर कार्की
ना.प्र.नं. : ०४३०१३/४६२
जमानीकर्ता : गुडिया नेम्बाङ लिम्बु
जमानीकर्ता : मनिसा दाहाल

**३. ऋणी/जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : समिर मिया
बाबुको नाम : महमद विनु
बाजेको नाम : महमद तमजु
पत्निको नाम : रुकसना खातुन
ना.प्र.नं. : ८८७५७ (सप्तरी)
ठेगाना : बिर्तामोड-२
जमानीकर्ता : नन्दलाल शाहा
जमानीकर्ता : मोहमद सकिल

**४. ऋणी/जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : कामता मगर
बाबुको नाम : चन्द्र बहादुर मगर
पतिको नाम : लाल बहादुर मगर
ना.प्र.नं. : ४०४११२१७
फोन नं. : ९८०५१६०९२४
ठेगाना : बिर्तामोड-१
परिवारको जमानीकर्ता : नर माया मगर
जमानीकर्ता : टंक प्रसाद भेट्वाल
जमानीकर्ता : राधिका भेट्वाल

ऋण असुली उप-समिति



## नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**पानीटंकीको पहिलो गल्ली बायाँ साइड** सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।***
Youtube Channel : Nishat M jotic kendra



## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३



## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई




बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग मिल्नाले मन हर्षित हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्चिलो योग रहेको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछन्, मन प्रसन्न रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले पनि राम्रो साथ दिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आजको दिन अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
काममा नोक्सानी व्यहोर्नुपर्ने हुन सक्छ, यात्राको प्रक्रिया अघि बढाउन सकिने योग छ, भैपरी आउने खर्चले चिन्ता होला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाइँको समय उत्तमसिद्धी रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ । आजको दिन मध्यम रहेको छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
आजको दिन अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा भने सन्तोषजनक नतिजा प्राप्त हुनेछ । मिष्ठान्न भोजन प्राप्तिको योग रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनुपर्छ, खानपानमा ध्यान दिनुहोला । तपाईले आज विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वश्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।